राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ कार्तिक १४ गते शनिबार ❑ 31 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

बेगनासमा छैटौँ फिस फेस्टिभल सुरु, पर्यटन र स्थानीय अर्थतन्त्र चलायमान बनाउने अपेक्षा

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

पोखराको पर्यटकीय गन्तव्य बेगनास तालको पर्यटन प्रवर्द्धन, स्थानीय माछाको बजारीकरण तथा मौलिक कला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यसहित छैटौँ बेगनास फिस फेस्टिभल तथा देउसीभैलो प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ।

होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथको आयोजनामा पोखरा महानगरपालिका-३१ स्थित बेगनास तालकिनारमा सुरु भएको महोत्सवको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उद्घाटन गर्नुभयो।

महोत्सव उद्धाटन गर्दै नगर प्रमुख आचार्यले पोखराका तालहरूको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासलाई एकीकृत रूपमा अघि बढाउने महानगरको योजना रहेको बताउनुभयो। उहाँले पोखरा महानगरभित्र रहेका नौवटै ताललाई आपसमा जोड्ने गरी साइकल लेनसहितको सडक तथा कनेक्टिभिटी निर्माण प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । बेगनास ताललाई वाटर स्पोर्ट्र्सको महत्वपूर्ण केन्द्रका रूपमा विकास गर्न सकिने उल्लेख गर्दै उहाँले यसका लागि आवश्यक पूर्वाधार र सहजीकरणमा महानगरले सहयोग गर्ने बताउनुभयो। तालचोक-बेगनास सडक निर्माण अन्तिम चरणमा पुगेको तथा शिशुवाचोकदेखि खुदीखोला पुलसम्मको सडक निर्माण भइसकेको उहाँको भनाइ थियो । खुदीखोलादेखि रूपातालसम्मको सडक निर्माणसमेत अघि बढिरहेको उहाँले जानकारी दिनुभयो।

फेवा र बेगनास ताललाई आधुनिक प्रविधिमार्फत जोड्ने योजनाले पोखराको पर्यटन प्रवर्द्धनसँगै पर्यटकको बसाइ अवधि लम्ब्याउन सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशकी प्रमुख सचिव आवास श्रेष्ठ कर्णले महोत्सवले स्थानीय स्रोतसाधनको उपयोग, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । स्थानीय किसान, युवा तथा व्यवसायीलाई पर्यटनसँग जोडेर दिगो विकासको अभियानमा सहभागी हुन उहाँले आग्रह गर्नुभयो।

पोखरा-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले महोत्सवले बेगनास ताललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन सहयोग पुग्ने बताउनुभयो। उहाँले बेगनास क्षेत्रका धार्मिक तथा पर्यटकीय स्थलको विकास, बराह मन्दिर क्षेत्रको प्रवर्द्धन र वाटर स्पोर्ट्र्सका पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको जानकारी दिनुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घकी अध्यक्ष जानुका पराजुली अधिकारीले पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो । समाजसेवी शान्ति खनालले स्थानीय माछाको बजारीकरण, पर्यटन प्रवर्द्धन तथा मौलिक कला र संस्कृतिको संरक्षणमा महोत्सवले सकारात्मक योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो। महोत्सवमा बेगनास तालमा पाइने विभिन्न प्रजातिका स्थानीय माछाको प्रदर्शनी, माछापालनसम्बन्धी जानकारी, माछाका विभिन्न परिकारको बिक्री तथा स्वाद लिन पाइने आयोजकले जनाएको छ । यसका साथै राष्ट्रिय तथा स्थानीय कलाकारका सांगीतिक प्रस्तुति, पप कन्सर्ट, व्यापारिक मेला, देउसीभैलो प्रतियोगिता तथा विभिन्न कम्पनीका उत्पादनको प्रदर्शनी र बिक्री महोत्सवका मुख्य आकर्षण रहनेछन्।

होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथका अध्यक्ष एवं महोत्सव संयोजक सुरेश लामिछानेले स्थानीय उत्पादन, मौलिक स्वाद र पर्यटनलाई एउटै थलोमा जोड्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताउनुभयो । उहाँका अनुसार महोत्सवले स्थानीय माछा व्यवसायी, किसान, होटल तथा रेस्टुरेन्ट व्यवसायी र साना उद्यमीलाई आफ्नो उत्पादन तथा सेवा प्रवर्द्धन गर्ने अवसर प्रदान गर्नेछ। 'माछाको स्वाद, संस्कृतिको पहिचान, हाम्रो मौलिकताको सम्मान' भन्ने नारासहित आयोजना गरिएको महोत्सव आगामी कात्तिक २३ गतेसम्म सञ्चालन हुनेछ । महोत्सवबाट बचत भएको रकम तालबाराही, गोरखनाथ मन्दिर तथा बेगनास ताल क्षेत्रको विकासमा खर्च गरिने आयोजकले जनाएको छ । प्राकृतिक सौन्दर्य, स्थानीय माछाका परिकार, सांस्कृतिक विविधता र पर्यटनको सम्भावना बोकेको बेगनास क्षेत्रमा आयोजना हुने यस महोत्सवले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढाउनुका साथै स्थानीय उत्पादनको खपत, रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

'पत्रकार पक्राउमा प्रधानमन्त्री कार्यालयको संलग्न छैन'

रासस
काठमाडौं, १३ कार्तिक

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले पत्रकार पक्राउ प्रकरणमा प्रधानमन्त्री, उहाँको सचिवालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संलग्नता नरहेको स्पष्ट पार्नुभएको छ।

सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै उहाँले घटनाबारे प्रधानमन्त्री र उहाँको सचिवालयलाई पूर्वजानकार ीसमेत नभएको बताउनुभएको छ। घटनाबारे जानकारी पाएलगत्तै प्रधानमन्त्रीले पक्राउ परेका पत्रकारलाई तत्काल रिहा गर्न तथा सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरी धरपकड नगर्न सम्बन्धित निकायलाई निर्देशन दिइसक्नुभएको दाहालले उल्लेख गर्नुभएको छ।

यसैबीच, प्रेस काउन्सिल नेपालले शुक्रबार कार्यालय समयपछि सादा पोशाकका प्रहरीले विभिन्न सञ्चारमाध्यमका समाचार कक्षमा प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ । काउन्सिलले सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति असहमति वा पत्रकार आचारसंहितासम्बन्धी उजुरीको छानबिन गर्ने जिम्मेवारी आफूमा रहेको जनाउँदै प्रहरीलाई कानुनी प्रक्रिया अपनाउन आग्रह गरेको छ । काउन्सिलका प्रवक्ता दीपक खनालद्वारा जारी विज्ञप्तिमा प्रेस स्वतन्त्रताको संरक्षण र मर्यादित पत्रकारिताको प्रवर्द्धनमा प्रतिबद्धता व्यक्त गरिएको छ।

त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले समाचार लेखेकै आधारमा पत्रकारलाई पक्राउ गर्ने र सञ्चारगृहमा छापा मार्ने कार्यप्रति विरोध जनाएको छ । पार्टीका प्रवक्ता जगदीश खरेलद्वारा जारी विज्ञप्तिमा यस्तो कार्य प्रेस स्वतन्त्रता र लोकतान्त्रिक मूल्यविपरीत भएको जनाउँदै पक्राउ परेका पत्रकारलाई तत्काल रिहा गर्न माग गरिएको छ।

गृह मन्त्रालयद्वारा एन प्याब्सनका गतिविधि निलम्वित

रासस
काठमाडौं, १३ कार्तिक

सरकारले राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन प्याब्सन) को लाई अर्को निर्णय नभएसम्मका लागि निलम्वन गरेको छ।

गृह मन्त्रालयले आज सार्वजनिक सूचना जारी गरी राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ६ को उपदफा (२) बमोजिम उक्त संस्थाको गतिविधि निलम्वन गरिएको जनाएको हो।

मन्त्रालयले शुक्रबार जारी गरेको सूचनाअनुसार राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल सरकारको स्वीकृति लिइ सञ्चालनमा रहेको एन प्याब्सनले ऐनको दफा ५ बमोजिम मन्त्रालयबाट जारी निर्देशन पटकपटक पालना नगरेको तथा संस्थाका पदाधिकारीले स्वीकृत विधान र संस्थाको मूल उद्देश्यविपरीतका कार्य गरेको पाइएको छ।

सो विषयमा मन्त्रालयले सम्बन्धित सरोकारवाला पक्षसँग गत असोज २३ गते छलफल गरी ऐन तथा मन्त्रालयबाट २०८२ मङ्सिर १२ गते जारी निर्देशनबमोजिम कार्य गर्न आग्रह गरेको थियो।

सो आग्रहबमोजिम कार्य गरेको नदेखिएकाले ऐनको दफा ५ बमोजिमको निर्देशन पालना नगरेको भन्दै दफा ६ को उपदफा (२) अनुसार अर्को निर्णय नभएसम्मका लागि संस्थाको गतिविधि निलम्वन गरिएको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयले सूचना जारी भएपछि उक्त संस्थाका नाममा कुनै पनि समूह वा गुटबाट हुने गतिविधि गैरकानुनी हुने र प्रचलित कानुनबमोजिम कारबाही हुनेसमेत स्पष्ट पारेको छ। सो सङ्गठनमा विवाद उत्पन्न भएपछि सुवास न्यौपाने र गीता राणा क्षेत्री नेतृत्वका समानान्तर कार्यसमिति सञ्चालित भएका थिए।

कोरला क्षेत्रमा पाँच सय कन्टेनर थन्किए

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ कार्तिक

प्रतिकूल मौसमका कारण नेपाल-चीन सीमाको कोरला नाका क्षेत्रमा ५०० बढी कन्टेनर भन्सार जाँचपास तथा मालसामान ढुवानीका लागि थन्किएका छन् । ती कन्टेनर दसैंपछि बेनी-जोमसोम-कोरला सडकमार्ग हुँदै चिनियाँ मालवस्तु ढुवानी गर्न कोरला नाका क्षेत्र पुगेका हुन् । कोरला नाका क्षेत्र समुन्द्री सतहदेखि चार हजार ६१० मिटरको उचाइमा छ।

यसैगरी कोरलास्थित मुस्ताङ भन्सार कार्यालय, क्वारेन्टाइन, सशस्त्र प्रहरीको बीओपी र इलाका प्रहरी कार्यालय समुन्द्री सतहको करिब चार हजार मिटर बढी उचाइ छ । बुधबार लोमान्थाङ गाउँपालिकाले सार्वजनिक सूचना प्रेषण गरी बिहीबारदेखि कोरला नाका तथा आसपासका क्षेत्रमा सवारी आवागमन तथा त्यस क्षेत्रमा नजान पर्यटक तथा सर्वसाधारणलाई सूचित गरिसकेको छ । लोमान्थाङले कोरला नाका तथा आसपासका क्षेत्रमा हिमपात, आँधी, हिमपहिरो लगायतको जोखिम हुने सम्भावनालाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरणका लागि यस प्रकारको सूचना जारी गरेको हो।

मुस्ताङमा बिहीबार मध्यरातिदेखि निरन्तर मध्यम प्रकारको वर्षा भइरहेको छ । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा नियमित वर्षा भइरहेको छ भने कोरला नाका क्षेत्रमा मध्यम हिमपात भइरहेको छ। मुस्ताङमा मध्यम वर्षासँगै चिसो अत्यधिक बढिरहेको छ । उपल्लो मुस्ताङमा तापक्रम घटेर माइनस १२ डिग्री सम्म पुगेको छ।

नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बीओपी) का अनुसार आज बिहानदेखि उपल्लो मुस्ताङ र कोरला नाका क्षेत्रको मौसम प्रतिकूल बन्दै गएको छ। त्यहाँका बीओपी इञ्चार्ज सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार उपल्लो मुस्ताङमा बिहीबार बिहानदेखि मध्यम वर्षा भइरहेको छ। निरन्तरको वर्षाका कारण उपल्लो मुस्ताङमा चिसो ह्वात्तै बढेको भए पनि कोरला नाका सडकको आवागमनमा समस्या नपरेको इञ्चार्ज धितालले बताउनुभयो।

कोरला नाका क्षेत्रको उच्च लेकमा हिमपात भइरहेको भए पनि कोरलानाकाको दशगजा क्षेत्रमा आंशिक मात्रै हिमपात भएको उहाँले बताउँनुभयो । मौसम प्रतिकूलता हुने पूर्व सूचना भएकाले बीओपी चेकपोस्टबाट कोरला नाकामा नजान पर्यटक तथा सर्वसाधारणलाई सुझाइएको भए पनि आवागमन पूर्ण रुपमा बन्द नभएको उहाँले बताउनुभयो । कोरला नाका र लोमान्थाङ-४ न्हेचुङ भन्सार यार्डमा ५०० भन्दा बढी कन्टेनर र दुई हजार ५०० बढी विद्युतीय सवारीसाधन भन्सार जाँचपास तथा मालवस्तु लोड गर्न रोकिएका इञ्चार्ज धिमालले जानकारी दिनुभयो । उहाँका अनुसार कतिपय कन्टेनर कोरला नाकाबाट मालवस्तु ढुवानी गर्न चीनतर्फ प्रवेश गरिसकेका छन्।

सुरक्षित यात्रा गरौं ।

❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मेडिप्लस अस्पतालद्वारा ट्राफिक प्रहरीलाई स्वास्थ्य परीक्षण, प्राथमिक उपचार सामग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

सडकमा दिनरात खटिएर नागरिकको सुरक्षा र ट्राफिक व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका ट्राफिक प्रहरी कर्मचारीको स्वास्थ्य, मानसिक सुस्वास्थ्य तथा आपत्कालीन अवस्थामा प्रभावकारी सेवा प्रवाह गर्ने क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि. पोखराले विशेष स्वास्थ्य सचेतना तथा तालिम कार्यक्रम आयोजना गर्‍यो ।

'सडकमा सुरक्षा, स्वास्थ्यमा सचेतना' भन्ने नाराका साथ प्रहरी–समुदाय साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र मातहतका ट्राफिक प्रहरी कर्मचारीलाई लक्षित गरी शुक्रबार बिहान जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको सभाहलमा कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा प्राथमिक उपचारसम्बन्धी तालिम, तनाव व्यवस्थापनसम्बन्धी सचेतना, स्वास्थ्य परीक्षण तथा प्राथमिक उपचार सामग्री वितरण गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकीका प्रमुख प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले ट्राफिक प्रहरी कर्मचारीले सडकमा खटिँदा विभिन्न चुनौती, जोखिम र मानसिक तनावको सामना गर्नुपर्ने बताउनुभयो । नागरिकको सुरक्षाका लागि कठिन परि स्थितिमा समेत जिम्मेवारी निर्वाह गर्ने प्रहरी कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्यलाई उत्तिकै प्राथमिकता दिनुपर्ने उहाँको भनाइ थियो । उहाँले यस्ता स्वास्थ्य सचेतना, तनाव व्यवस्थापन र क्षमता अभिवृद्धिका कार्यक्रमले

प्रहरी कर्मचारीलाई थप ऊर्जाशील र जिम्मेवारीप्रति प्रेरित बनाउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा मेडिप्लस हस्पिटलका फिजिसियन तथा मेडिकल डाइरेक्टर डा. सरोज पोखरेलले प्राथमिक उपचारको महत्व, दुर्घटनापछि अपनाउनुपर्ने सावधानी तथा आपत्कालीन अवस्थामा घाइतेको जीवन रक्षा गर्न सकिने उपायबारे सहजीकरण गर्नुभयो । उहाँले दुर्घटनामा घाइते भएका व्यक्तिलाई समयमै उचित प्राथमिक उपचार उपलब्ध गराउन सके ज्यान जोगाउन महत्वपूर्ण सहयोग पुग्ने बताउँदै ट्राफिक प्रहरी कर्मचारीका लागि प्राथमिक उपचारसम्बन्धी ज्ञान र सीप अत्यन्त आवश्यक रहेको उल्लेख गर्नुभयो । तालिमका क्रममा दुर्घटनामा परी सास बन्द भएको वा मुटुको धड्कन बन्द भएको अवस्थामा गरिने कार्डियोपल्मोनरी रिससिटेसन अर्थात् छाती थिच्ने तथा कृत्रिम श्वासप्रश्वास दिने विधिबारे जानकारी गराइएको थियो । सहभागीहरूलाई छातीको बीच भागमा निश्चित गति र तरिकाले थिच्ने, कृत्रिम श्वासप्रश्वास दिने तथा आपत्कालीन अवस्थामा अपनाउनुपर्ने सावधानीबारे व्यावहारिक रूपमा प्रदर्शनसमेत गरिएको थियो। यसले सहभागी प्रहरी कर्मचारीलाई दुर्घटनास्थलमा तत्काल उद्धार तथा प्राथमिक उपचारमा खटिँदा उपयोगी ज्ञान र सीप प्रदान गरेको थियो । त्यसैगरी कार्यक्रममा मानसिक स्वास्थ्य, तनाव व्यवस्थापन तथा व्यक्तिगत स्वास्थ्यसँग सम्बन्धित विषयमा अच्युत आचार्यसहित विषय विशेषज्ञ चिकित्सकहरूले प्रशिक्षण तथा परामर्श दिनुभएको थियो । लामो समयसम्म कार्यक्षेत्रमा खटिनुपर्ने, दुर्घटना तथा अन्य संवेदनशील घटनाको प्रत्यक्ष सामना गर्नुपर्ने ट्राफिक प्रहरी कर्मचारीले आफ्नो मानसिक स्वास्थ्यको ख्याल राख्नुका साथै तनाव व्यवस्थापनका उपाय अपनाउनुपर्ने विषयमा समेत जानकारी गराइएको थियो ।

त्यस्तै, मेडिप्लस हस्पिटलका अध्यक्ष डा. आनन्द भट्टराईले विभिन्न संघसंस्था तथा समुदायसँगको साझेदारीमा स्वास्थ्य सचेतना र सेवामूलक कार्यक्रमलाई निरन्तर अगाडि बढाउने अस्पतालको योजना रहेको बताउनुभयो । सामाजिक उत्तरदायित्वलाई व्यवहारमा उतार्दै समुदायको आवश्यकता र स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर यस्ता कार्यक्रम आयोजना गर्दिँदै आएको उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा अस्पतालका अध्यक्ष डा. आनन्द भट्टराईले कार्यक्रमका प्रमुख अतिथि प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेलाई प्राथमिक उपचार तथा स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको थियो । साथै सहभागी ट्राफिक प्रहरी कर्मचारीको स्वास्थ्य परीक्षणसमेत गरिएको थियो । कार्यक्रममा मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टर प्रा.लि.का प्रमुख सञ्चालन अधिकृत प्रकाश विकले अस्पतालले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न संघसंस्था तथा समुदायसँग सहकार्य गरी स्वास्थ्य सचेतना, तालिम तथा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको बताउनुभयो। स्वास्थ्य सेवा अस्पतालको परिसरमा मात्र सीमित नराखी नागरिकको घरआँगनसम्म पुर्‍याउने उद्देश्यका साथ यस्ता कार्यक्रम सञ्चालन गरिएको उहाँको भनाइ थियो । उहाँले ट्राफिक प्रहरीसँग स्वास्थ्य सचेतना, प्राथमिक उपचार, ट्राफिक व्यवस्थापनलगायत विभिन्न विषयमा आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की र मातहतका प्रहरी कर्मचारीलाई लक्षित गरी सञ्चालन गरिएको यस कार्यक्रमले सडक दुर्घटनाका घाइतेलाई तत्काल प्राथमिक उपचार उपलब्ध गराउने क्षमता विकास गर्नुका साथै प्रहरी कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

स्वास्थ्य सेवा, जनचेतना र सामाजिक उत्तरदायित्वलाई एकसाथ जोड्दै मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले प्रहरी–समुदाय साझेदारीलाई थप सुदृढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ ।

पोखरामा आइतबारदेखि राष्ट्रिय सेपाक तात्रो प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

पोखरामा आइतबारदेखि ११ औँ राष्ट्रिय सेपाक तात्रो प्रतियोगिता हुने भएको छ ।

गण्डकी प्रदेश सेपाक तात्रो संघको आयोजनामा यही कात्तिक १५ देखि १७ गतेसम्म पोखरा रङ्गशालास्थित मल्टीप्रपोज कभर्ड हलमा उक्त प्रतियोगिता सञ्चालन हुने संघ गण्डकीका अध्यक्ष श्यामबहादुर श्रेष्ठले बताउनु भयो । प्रतियोगितामा सातवटै प्रदेश र विभागीय टोली नेपाली सेनासहित आठ टोलीबीच प्रतिस्पर्धा हुने भएको उहाँले जनाउनु भयो । शनिबारदेखि संचालन गर्ने तयारी गरे पनि सहभागि टिमहरु प्रतिकुल मौसमका कारण एक दिन ढिलो सहभागि हुने भएकोले आइतबारदेखि संचालन हुने भएको अध्यक्ष श्रेष्ठले बताउनु भयो । प्रतियोगिता अर्न्तगत शनिबार खेल तालिका सार्वजनिक सहित प्रतियोगिताको बारेमा अफिसियल तथा खेलाडीहरुमा बृफिङ हुने भएको छ। आइतबारदेखि दैनिक बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म खेल सञ्चालन हुने भएको हो । प्रतियोगितामा पुरुषतर्फ टिम रेगु, रेगु, क्वाड, डबल र महिलातर्फ रेगु र क्वाड इभेन्टमा प्रतिस्पर्धा हुनेछ । सेपाक तात्रो खेलमा रेगुमा तीन जना र क्वाडमा चार जना खेलाडीबीच प्रतिस्पर्धा हुने गर्दछ। प्रतियोगिताका खेल अन्तर्राष्ट्रिय सेपाक तात्रो महासंघको नियमअनुसार सञ्चालन गरिने संघका केन्द्रीय अध्यक्ष नेत्रबहादुर गुरुङले जानकारी दिनुभयो । राष्ट्रिय स्तरको प्रतियोगिता यसअघि प्रायः राजधानी केन्द्रित हुँदै आएको अवस्थामा खेलकुदलाई मोफसलसम्म विस्तार गर्ने उद्देश्यले पोखरामा प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष गुरुङले बताउनुभयो । पोखरामा पहिलो पटक राष्ट्रिय स्तरको सेपाक तात्रो प्रतियोगिता आयोजना गर्न लागिएको उल्लेख गर्दै उहाँले यसले देशभरका खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । प्रतियोगिताका लागि कुल २२ लाख २९ हजार ४०० रुपैयाँ खर्च हुने र २५ लाख रुपैयाँ आम्दानी हुने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो हुने टोलीले क्रमशः ५० हजार, ४० हजार र ३० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यसैगरी, प्रतियोगितामा सहभागी प्रत्येक टोलीलाई २० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । विजेता तथा उत्कृष्ट खेलाडीलाई ट्रफी, मेडल, प्रमाणपत्र र नगद पुरस्कारसमेत प्रदान गरिनेछ ।

खेलकुदको विकास र राष्ट्रिय स्तरका प्रतिभावान् खेलाडी उत्पादन गर्नुका साथै पोखराको पर्यटन प्रवर्द्धन तथा स्थानीय व्यवसायमा आर्थिक गतिविधि बढाउनु प्रतियोगिताको प्रमुख उद्देश्य रहेको आयोजकले जनाएको छ । खेलकुद र पर्यटनलाई एकसाथ जोडेर पोखरालाई राष्ट्रिय स्तरको खेलकुद गन्तव्यका रूपमा स्थापित गर्न प्रतियोगिताले योगदान पुर्‍याउने आयोजकको विश्वास छ । राष्ट्रिय स्तरको प्रतियोगिता पोखरामा आयोजना हुँदा स्थानीय खेलप्रेमीले उच्चस्तरका खेल प्रत्यक्ष अवलोकन गर्ने अवसर पाउनुका साथै सेपाक तात्रो खेलको लोकप्रियता विस्तारमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पोखरामा पोलियो उन्मूलन सचेतना र्‍याली

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

विश्व पोलियो दिवसको अवसरमा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२, रिजन–४ को आयोजनामा पोखरामा पोलियो उन्मूलनसम्बन्धी सचेतना र्‍याली सम्पन्न भएको छ ।

पोखरास्थित सम्पूर्ण रोटरी क्लबहरूको समन्वय तथा सहभागितामा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत आयोजित र्‍यालीमा रोटरियन, रोट्र्याक्टर, इन्टर्याक्टरसहित सर्वसाधारणको सहभागिता रहेको थियो । रिजन–४ पोलियो प्लस उपसमितिका चियर रोटेरियन नारायणप्रसाद शर्माको संयोजनमा आयोजित र्‍याली पोखरा सभागृहबाट सुरु भई पृथ्वीचोक हुँदै मुस्ताङचोक पुगेर समापन भएको थियो। र्‍यालीमा सहभागीहरूले पोलियो उन्मूलनसम्बन्धी विभिन्न सन्देश र नारामार्फत समुदायमा जनचेतना फैलाएका थिए। कार्यक्रममा प्रमुख अतिथि

रोटेरियन विनोद कोइरालाले पोलियो रोग, यसबाट हुन सक्ने जोखिम तथा रोकथामका उपायबारे जानकारी गराए। उनले पोलियो उन्मूलनका लागि जनचेतना अभिवृद्धि गर्नुका साथै प्रत्येक बालबालिकाले आवश्यक खोप पाउने वातावरण निर्माण गर्न सबै पक्ष सक्रिय हुनुपर्नेमा जोड दिए ।

कार्यक्रमको सञ्चालन रोटरी क्लब अफ पोखरा भ्यालीका अध्यक्ष रोटेरियन नवीनराज बरालले गरेका थिए भने रिजनल सेक्रेटरी रोटेरियन राजेन्द्र लिगलले सहभागीहरूलाई स्वागत गरे । समापन कार्यक्रममा रोटरी क्लब अफ पोखरा न्यूरोडका अध्यक्ष रोटेरियन राजकुमार गुरुङले र्‍यालीमा सहभागी रोटेरियन, रोट्र्याक्टर, इन्टर्याक्टर, डिस्ट्रिक्ट पदाधिकारी तथा सहयोगीहरूप्रति धन्यवाद व्यक्त गरे ।

कार्यक्रमका संयोजक नारायणप्रसाद शर्माले सम्पूर्ण सहभागी तथा सहयोगीहरूप्रति आभार व्यक्त गगरे । रोटरी इन्टरनेशनलले सञ्चालन गर्दै आएको पोलियो उन्मूलन अभियानलाई थप प्रभावकारी बनाउन समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सप्ताहव्यापी कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

हिमालयको स्थापना दिवसमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

पोखराको बाटुलेचौरमा रक्तदान कार्यक्रमको आयोजना हुने भएको छ ।

सामाजिक क्षेत्रमा अग्रणी संस्था हिमालय क्लबले ३० औं स्थापना दिवसको अवसर पारेर यही कार्तिक १५ गते बिहान स्थानीय ऐतिहासिक मैदानमा कार्यक्रमको आयोजना गरेको हो ।प्रादेशिक रक्त संचार केन्द्र, पोखराको प्राविधिक सहयोगमा हुने कार्यक्रममा विभिन्न संस्थाले सहयोग गरेका छन् । चाडपर्वको लामो विदामा रगतको अभाव भईरहेको बेला कार्यक्रम आयोजना गरिएको क्लबका अध्यक्ष मोहन थापाले जानकारी दिए । देशभरका रक्त संचार केन्द्रमा रगतको अभाव रहेको जानकारी प्राप्त भएकाले पनि सो कार्यक्रममा रक्तदाताको उत्साहपुर्ण सहभागिता रहने उनले बताए । सोही अवसरमा क्लबले संचालन गरेको पवित्र प्रेमनारायण स्मृति शैक्षिक पुरस्कार, विन्ध्यवासिनी माविका मिलन रिमाल र अञ्जली रानालाई प्रदान गरिने छ ।

त्यस्तै स्वर्गीय सावित्री लिलाधर स्मृति कृषक प्रोत्साहन पुरस्कार, बस्नेत कृषि फर्मका कृषक प्रेमबहादुर बस्नेतलाई प्रदान गरिने तथा श्रीकली थापा र सुकमाया विकलाई एकल महिला सम्मान गरिने कार्यक्रम संयोजक प्रकाश थापाले जानकारी दिए । जनही नगद ५ हजार र प्रमाणपत्र रहेको शैक्षिक पुरस्कार पोखराका युवा व्यवसायी गणेशबहादुर थापाले स्थापना गरेका हुन् भने नगद ५ हजारसहित प्रमाणपत्र संलग्न कृषक प्रोत्साहन पुरस्कार नेतृ प्रभा कोईराला र समाजसेवी कृष्णप्रसाद अधिकारीले संयुक्त रुपमा स्थापना गरेका हुन् । एकल महिला सम्मान जनही ५ हजार र सल प्रदान गरिने क्लबका सुचना अधिकारी शिवराज देवकोटाले जानकारी दिए ।

कार्यक्रम पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष शोभा गौतमको प्रमुख आतिथ्यतामा हुने र त्यस अवसरमा शुभकामना आदान प्रदानसहित चियापान समेत गरिने क्लबले जनाएको छ ।

जुम्लाको स्याउ स्याङ्जाका उपभोक्ताको घरदैलोमा

पोखरापत्र संवाददाता
वालिङ, १३ कार्तिक

जुम्लाको स्याउ यहाँका उपभोक्ताको रोजाइमा पर्ने गरेको छ । बिक्रीका लागि जुम्लाबाट ल्याइएको स्याउ स्याङ्जाका विभिन्न टोलटोलमा उपलब्ध भएकाले यहाँका उपभोक्ताको रोजाइमा परेको हो ।

बजारमा पाइने विदेशी स्याउभन्दा सस्तो, स्वच्छ, स्वादिलो र स्वदेशी उत्पादन भएकाले पनि उपभोक्ता खुसी भएका छन् । गाडीमार्फत टोलटोलमा स्याउ पुर्‍याउँदा उपभोक्ताले निकै उत्साहकासाथ खरिद गर्ने गरेको व्यावसायी गौरीलाल सञ्ज्यालले बताउनुभयो ।

सञ्ज्यालसहितको टोलीले

जुम्लामा उत्पादन भएको स्याउ ट्रकमार्फत जुम्लाबाट पोखरा ल्याउने र त्यहाँबाट पोखरा आसपासका स्याङ्जा, तनहुँ, लमजुङ, पर्वत, पाल्पालगायतका जिल्लामा जिपमार्फत टोलटोलमा लगेर बिक्री गर्दै आउनुभएको छ । "जुम्लामा उत्पादन भएको स्याउ बजारसम्म पुर्‍याउन नसक्दा त्यसै कुहिएर जाने समस्या थियो", उहाँले भन्नुभयो, "स्वदेशी उत्पादनको बजारीकरणसाथै यसको प्रचारप्रसार गर्दै बजार विस्तार गर्ने क्रममा उपभोक्ताको घरदैलोमा पुर्‍याउन थालेका हौँ ।"

उपभोक्ताले आफ्नै घरदैलोमा प्रतिकेजी रु १५० का दरले स्याउ रोजेर खरिद गर्न पाउँदा दैनिक सयौँ पेटी स्याउ बिक्री हुने गरेको उहाँले बताउनुभयो । एकपटक किन्नुभएका उपभोक्ताले सम्पर्क गरेरै पनि माग गर्ने भएकाले बजार विस्तार हुँदै गएको उहाँले बताउनुभयो ।

"एकपटक जुम्लाको स्याउ किनेर खाएपछि पुनः दोस्रो, तेस्रोपटक पनि खोज्नु पक्कै पनि राम्रो भएरै हो", उहाँले भन्नुभयो, "बजारमा पाइने स्याउभन्दा सस्तो, विषादीरहित, रङरोगनको प्रयोग नगरिएको अर्ग्यानिक भएकाले पनि यो स्याउ उपभोक्ताको रोजाइमा पर्न सफल भएको छ ।" घरदैलोमा स्याउ पाउँदा एकातर्फ उपभोक्ताले सस्तो मूल्यमा स्याउ पाएका छन् भने अर्कातर्फ व्यावसायी तथा किसानले प्रत्यक्ष रूपमा नगद प्राप्त गरेका छन् । स्याउका कार्टुनले भरिएका गाडीमार्फत समयसमयमा टोलटोलमा पुगेर घुम्ती व्यापार हुने गरेको छ ।

Vacancy Announcement

Published Date: 31 October 2026

Naulo Ghumti Nepal (NGN), a non-governmental organization, is implementing the **Integrated Community Development Project (ICDP)** funded by Good Neighbors International (GNI) Nepal in Kaski District. The project aims to improve the lives of poor and vulnerable communities, with a special focus on children, through interventions in Education, Child Protection, Health & WASH, and Income-Generating Activities.

NGN invites applications from qualified, motivated, and result-oriented candidates for the following position:

S.N.	Position	Req. No.	NGN Level	Duty Station	Eligibility
1.	Community Mobilization (CM)	1	2	Machhapuchhre RM, Kaski	• Intermediate (+2 Pass). • Ability to work in a rural community. • Good/ fair communication skill in English will added value • Hands-on experience in social mobilization. • Good at community mobilization (Schools, Health Facilities, Cooperatives and Local Community) • Good coordination with local government. • Fair Skill in Computer operation. • Proficiency in MS Office and internet applications. • Two-wheeler driving license is an added value. • Priority will be given to individuals who have graduated from the Project's Sponsorship Programme for this position.

Salary and benefits will be provided as per the organization's rules and regulations.

Interested candidates are requested to submit their **application letter**, **updated CV**, **recent passport-size photograph**, and **copies of all relevant academic certificates** by **06 November 2026** to vacancy.naulоghumti@gmail.com. **or the office of Naulo Ghumti Nepal**

Only shortlisted candidates will be contacted for a ***written test and interview****.*

नौलो घुम्ती नेपाल

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

तनहुँमा विकास आयोजनालाई ७१८ हेक्टर वन क्षेत्र प्रयोग गर्न अनुमति

कृष्ण न्यौपाने
दमौली, १३ कार्तिक

तनहुँमा सञ्चालित तथा निर्माणको विभिन्न चरणमा रहेका विकास आयोजनाले कुल ७१८ दशमलव ५८ हेक्टर वन क्षेत्र प्रयोगका लागि अनुमति पाएका छन् । जलविद्युत् आयोजना, विद्युत् प्रसारण लाइन, केबलकार, रिसोर्ट तथा अन्य पूर्वाधार निर्माणका लागि उक्त वन क्षेत्र प्रयोग गर्न दिइएको डिभिजन वन कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार जिल्लाका विभिन्न विकास आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्न दिइएको छ । तीमध्ये तनहुँ जलविद्युत् आयोजना, ४०० केभी विद्युत् प्रसारण लाइन, तनहुँ हाइड्रोपावरको २२० केभी प्रसारण लाइन तथा विभिन्न अन्य प्रसारण लाइन आयोजनाले उल्लेख्य वन क्षेत्र प्रयोग गरेका छन् ।

वन क्षेत्र प्रयोग गर्न अनुमति दिँदा सम्बन्धित आयोजना तथा निकायले प्रचलित व्यवस्था र सर्तअनुसार राजस्व बुझाउने, जग्गा सट्टाभर्ना गर्ने तथा क्षतिपूर्ति स्वरुप वृक्षारोपण गर्नुपर्ने व्यवस्था छ । आयोजनाअनुसार वन क्षेत्र प्रयोगको अवस्था पनि फरक-फरक रहेको छ। केही आयोजनाले जग्गा सट्टाभर्ना गरी क्षतिपूर्तिस्वरुप वृक्षारोपण गरिरहेका छन् भने केहीले वार्षिक कबुलियती दस्तुर तथा राजस्व बुझाउँदै आएका छन् । कतिपय आयोजनामा रुख छपान तथा कटानको काम भइरहेको रानाभाटले बताउनुभयो।

तनहुँ जलविद्युत् आयोजनालाई सबैभन्दा धेरै वन क्षेत्र

तनहुँ जलविद्युत् आयोजनाका लागि ४१७ दशमलव ३४ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको छ। जिल्लामा विकास आयोजनाका लागि प्रयोग गर्न दिइएको वन क्षेत्रमध्ये यो सबैभन्दा ठूलो हिस्सा हो । त्यस्तै, ४०० केभी विद्युत् प्रसारण लाइन योजनाअन्तर्गत एमसिए नेपाललाई १४२ दशमलव ६६ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको छ । तनहुँ हाइड्रोपावरको २२० केभी प्रसारण लाइन आयोजनालाई ९२ दशमलव ७३ हेक्टर वन क्षेत्र प्रयोग गर्न अनुमति दिइएको छ। नेपाल विद्युत् प्राधिकरणअन्तर्गतको मध्यमर्स्याङ्दी-डुम्रे-दमौली १३२ केभी प्रसारण लाइन आयोजनाका लागि १४ दशमलव ८५ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको छ । उक्त आयोजनाले वार्षिक रूपमा राजस्व बुझाउँदै आएको रानाभाटले जानकारी दिनुभयो । यसैगरी, मर्स्याङ्दी करिडोरअन्तर्गत उदीपुर-न्यू भरतपुर २२० केभी विद्युत् प्रसारण लाइन आयोजनाका लागि १७ दशमलव ७५ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको छ। उक्त आयोजनामा रुख छपान तथा कटानको काम सम्पन्न गरी समूहमा हस्तान्तरण गरिएको जनाइएको छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको केरावारी-न्यु मर्स्याङ्दी (दरौदी करिडोर) १३२ केभी विद्युत् प्रसारण लाइन आयोजनाका लागि शून्य दशमलव आठ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको छ। उक्त आयोजनामा वन तथा भूसंरक्षण विभागसँग सम्झौता भई रूख छपानको काम जारी रहेको छ।

केबुलकार, रिसोर्ट र जलविद्युत् आयोजनाका लागि पनि वन क्षेत्र

वन क्षेत्र प्रयोग गर्ने आयोजनामध्ये पर्यटन पूर्वाधार तथा अन्य जलविद्युत् आयोजना पनि रहेका छन् । बन्दीपुर गाउँपालिका-४ मा रहेको बन्दीपुर केबुलकार आयोजनाले एक दशमलव शून्य चार हेक्टर वन क्षेत्र प्रयोग गरेको छ। उक्त आयोजनाका लागि जग्गा सट्टाभर्ना भइसकेको र क्षतिपूर्ति वृक्षरोपणको काम जारी रहेको डिभिजन वन कार्यालयले जनाएको छ । त्यस्तै, बन्दीपुर माउन्टेन रिसोर्टले बन्दीपुर गाउँपालिका-४ मा शून्य दशमलव नौ हेक्टर वन क्षेत्र प्रयोग गरेको छ। उक्त रिसोर्टले वार्षिक रूपमा कबुलियती दस्तुर बुझाउँदै आएको कार्यालयले जनाएको छ । वाराही क्वेयरी प्रालिले चार दशमलव ८५ हेक्टर वन क्षेत्र प्रयोग गरेको छ। उक्त कम्पनीका लागि जग्गा सट्टाभर्ना भएको र क्षतिपूर्ति वृक्षरोपणको काम जारी रहेको छ। सेतीखोला जलविद्युत् आयोजनाका लागि सेतीखोला हाइड्रोपावर लिमिटेड, काठमाडौँले चार दशमलव २० हेक्टर वन क्षेत्र प्रयोग गर्ने अनुमति पाएको छ । यस आयोजनाका लागि जग्गा सट्टाभर्ना दिइएको र वृक्षरोपणको काम जारी छ।

सेतीखोला जलविद्युत् आयोजनाको १३२ केभी प्रसारण लाइनका लागि थप दुई दशमलव ७७ हेक्टर वन क्षेत्र प्रयोग गर्ने प्रक्रिया अघि बढाइएको छ। उक्त आयोजनाको वन विभागसँग सम्झौता भई रूख छपान तथा कटानको काम जारी रहेको छ।

कालीगण्डकी जलविद्युत् आयोजनाका लागि मौलाकालिका हाइड्रोपावर कम्पनी, काठमाडौँले १३ दशमलव ६८ हेक्टर वन क्षेत्र प्रयोग गर्ने प्रस्ताव अघि बढाएको छ। उक्त प्रस्तावमा रायसहित वन विभागमा पठाइएको डिभिजन वन कार्यालयको विवरणमा उल्लेख छ।

क्षतिपूर्ति वृक्षरोपण र राजस्व भुक्तानी

विकास आयोजनाका लागि वन क्षेत्र उपलब्ध गराउँदा वन क्षेत्रको संरक्षण र क्षतिपूर्तिको विषय पनि महत्वपूर्ण मानिने भएकाले केही आयोजनाले प्रयोग गरेको वन क्षेत्रको सट्टामा जग्गा उपलब्ध गराइसकेका छन् भने त्यस क्षेत्रमा क्षतिपूर्ति वृक्षरोपणको काम जारी छ । वाराही क्वेयरी प्रालि, बन्दीपुर केबलकार र सेतीखोला जलविद्युत् आयोजनाका लागि जग्गा सट्टाभर्ना तथा वृक्षरोपणसम्बन्धी काम भइरहेको रानाभाटले बताउनुभयो । बन्दीपुर माउन्टेन रिसोर्ट र मध्यमर्स्याङ्दी-डुम्रे-दमौली १३२ केभी प्रसारण लाइन आयोजनाले भने वार्षिक कबुलियती दस्तुर वा राजस्व बुझाउँदै आएका छन् ।

त्यस्तै, प्रसारण लाइन निर्माणका लागि कतिपय आयोजनामा रूख छपान तथा कटानको प्रक्रिया अघि बढाइएको छ । केही आयोजनाको प्रस्ताव वन विभागमा पठाइएको छ भने केहीमा विभागसँग सम्झौता भई काम भइरहेको उहाँले उल्लेख गर्नुभयो।

ऊर्जा पूर्वाधार विस्तारसँगै वन क्षेत्र प्रयोग बढ्दो

तनहुँमा जलविद्युत् उत्पादन तथा विद्युत् प्रसारण प्रणाली विस्तारका लागि विभिन्न आयोजना सञ्चालनमा छन् । जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न प्रसारण लाइन निर्माण आवश्यक पर्ने भएकाले यस्ता पूर्वाधारका लागि वन क्षेत्रसमेत प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । तनहुँ जलविद्युत् आयोजना, ४०० केभी प्रसारण लाइन तथा २२० केभी र १३२ केभीका विभिन्न प्रसारण लाइन आयोजना वन क्षेत्र प्रयोग गर्ने प्रमुख आयोजनाका रूपमा देखिएका छन्। यसबाहेक पर्यटन पूर्वाधारका रूपमा केबुलकार र रिसोर्ट तथा अन्य जलविद्युत् आयोजनाले पनि वन क्षेत्र प्रयोग गरेका छन्।

भकिम्लीका किसान व्यावसायिक गाईपालनमा

पोखरापत्र संवाददाता
म्याग्दी, १३ कार्तिक

म्याग्दीका बेनी नगरपालिका-३ भकिम्लीका किसान व्यावसायिक गाईपालनमा आकर्षित भएका छन् ।

परम्परागत पशुपालनको विकल्पमा उन्नत जातको गाईपालन गरेर आयआर्जन वृद्धि र स्वरोजगार बन्न थालेका हुन् । भकिम्ली ग्रामीण कृषि सहकारी संस्थामार्फत उन्नत जर्सी र होलस्टेन जातको गाई भित्र्याएर दूध उत्पादन गर्न थालिएको हो ।

संस्थाका अध्यक्ष लालबहादुर पुनले गत वर्ष गाईपालन थालेका आठ जना किसानको सफलताले यसपालि १० जना किसान थपिने क्रममा रहेका जानकारी दिनुभयो । "उपयुक्त हावापानी र आम्दानीको सम्भावना देखिएपछि गाईपालन विस्तार हुन थालेको छ", उहाँले भन्नुभयो, "गाईपालन गर्ने किसानका लागि सहकारीले सहुलियत ब्याजदरमा ऋण लगानीको सुविधा दिएका छौँ ।" होलस्टेन र जर्सी जातको गाईपालन सुरु गरेका हुन् । यसअघि भकिम्लीमा दूध बिक्री गर्ने उद्देश्यले गाईपालन भएको थिएन । घरायसी उपभोगका लागि स्थानीय जातका गाई पाल्ने गरेका थिए । घरायसी उपभोग र स्थानीय उपभोक्तालाई बेचेर बचेको दैनिक ४० लिटर दूध बेनी नगरपालिका-४ सिङ्गामा रहेको बास्कुना कृषि सहकारी संस्थामार्फत पोखराको सिजल डेरी उद्योगमा पठाउने गरिएको छ । दुईवटा उन्नत जातका गाई पालेका किसान चित्रबहादुर पुनले दैनिक २० लिटरसम्म दूध उत्पादन गर्न सकिने बताउनुभयो। "अहिले एउटाले मात्र दूध दिन्छ, अर्को ब्याउने छ", उहाँले भन्नुभयो, "एउटा गाईको दूध बेचेर खर्च कटाउँदा गत महिना रु २७ हजार बचत भयो ।"

विदेश र छ वर्ष स्वदेशकै कृषि कम्पनीमा काम गरेको अनुभवका आधारमा गाईपालन सुरु गरेको पुनले बताउनुभयो । बेनीदेखि भकिम्ली जोड्ने सडक जीर्ण हुदाँ दूध ढुवानी र कृत्रिम गर्भाधान सेवाका लागि समस्या भएको किसानले बताएका छन् ।

बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले बेनीदेखि दूधेखोला खण्डका सडक प्रदेश सरकारमार्फत स्तरोन्नति भएको र हल्लेगौडादेखि माथिको सडक यस वर्षदेखि सङ्घीय सरकारमार्फत स्तरोन्नतिको चरणमा रहेको बताउनुभयो । सडक स्तरोन्नति भएपछि कृषि उपज निकासी, आवतजावत र ढुवानीमा सहज हुने बताउँदै दसैंलगत्तै वडा कार्यालयमा पशु प्राविधिक आएपछि कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिने वडाध्यक्ष पुनले जानकारी दिनुभयो।

सामूहिक प्रयासमा फूलखेती

पोखरापत्र संवाददाता
दमौली, १३ कार्तिक

तनहुँको आँबुखैरेनी गाउँपालिका-३ आँबुगाउँका छ जना किसान मिलेर पहिलोपटक व्यावसायिक सयपत्री फूलखेती सुरु गरेका छन्। तिहारमा स्थानीय फूलको माग पूरा गर्ने र आम्दानी गर्ने उद्देश्यले उनीहरूले पाँच रोपनी क्षेत्रफलमा सयपत्री लगाएका हुन् ।

स्थानीय किसानको सामूहिक प्रयासमा सुरु गरिएको फूलखेतीमा आठ हजार सयपत्रीका बिरुवा रोपिएको छ । तिहार नजिकिँदै गर्दा फूल फुल्ने र बजारमा बिक्री हुने अपेक्षासहित किसान खेतीको हेरचाहमा जुटेका छन् ।

फूलखेतीमा संलग्न स्थानीय मैना राना आलेले तिहारमा स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। चाडपर्वका बेला फूलको माग बढ्ने भएकाले स्थानीयस्तरमै सयपत्री उत्पादन गरेर बजारको माग पूरा गर्न सकिने उहाँको विश्वास छ । उहाँले तिहारमा पूजाआजा तथा घर सजावटका लागि प्रयोग हुने फूल स्थानीय किसानबाटै खरिद गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। स्थानीय फूलको प्रयोग बढाउन सके किसानलाई आम्दानीको अवसर मिल्नुका साथै बाहिरबाट फूल ल्याउनुपर्ने बाध्यता कम गर्न सकिने उहाँको भनाइ छ । फूलखेतीमा संलग्न किसान सीता श्रेष्ठले आँबुखैरेनी गाउँपालिकाले फूलखेतीका लागि प्रोत्साहन गरेपछि आफूहरू यसतर्फ आकर्षित भएको बताउनुभयो । तिहार नजिकिँदै गएकाले उत्पादनले बजार पाउनेमा आफूहरू विश्वस्त रहेको उहाँले बताउनुभयो । गाउँपालिकाले स्थानीय किसानलाई फूलखेतीतर्फ आकर्षित गर्न प्रोत्साहन गर्दै आएको छ । गाउँपालिकाको कृषि शाखाका प्रमुख सन्तोष केसीका अनुसार सयपत्री फूलको बजार सम्भावना रहेकाले कृषक यस खेतीतर्फ आकर्षित भएका हुन् ।

तिहारका बेला सयपत्री फूलको माग बढ्ने भएकाले स्थानीयस्तरमा उत्पादन विस्तार गर्नसके किसानले आम्दानीको अवसर पाउने कृषि शाखा प्रमुख केसीको भनाइ छ।

पाँच रोपनी क्षेत्रफलमा आठ हजार बिरुवा रोपेर सुरु गरिएको खेती सफल भएमा आगामी दिनमा फूलखेती विस्तार गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो।

पोउवा संघमा एपिएफ स्टाफ कलेजको ११ औं ब्याचका शिक्षार्थी

पोखरापत्र संवाददाता
पोखरा, १३ कार्तिक

सशस्त्र प्रहरी बलको स्टाफ कलेजबाट ११ औं ब्याचको रुपमा कमाण्ड तथा स्टाफ कोर्स अध्ययनरत अधिकृतहरुले पोखरा उद्योग वाणिज्यमार्फत् निजी क्षेत्रको सुरक्षा चासो, औद्योगिक तथा व्यावसायिक वातावरणबारे जानकारी लिएका छन् ।

एपिएफ स्टाफ कलेजका सहसमादेशक वरिष्ठ प्रहरी उपरीक्षक जहरसिंह बुढामगरको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलका सदस्यहरुले औद्योगिक सुरक्षामा सशस्त्रसँगको सहकार्य,सीमा सुरक्षा तथा विपद् व्यवस्थापनमा सशस्त्रको भूमिकाप्रति निजी क्षेत्रको दृष्टिकोणबारे पनि चासो राखेका थिए । अन्तर्क्रियाको दौरान उठेका सवालहरुको जवाफ दिँदै नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य तथा पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष गोकर्ण कार्कीले उद्योगी/व्यवसायीको पहिलो चासो सुरक्षा नै भएको र सशस्त्र प्रहरीले आफ्नो कार्यक्षेत्रअन्तर्गत औद्योगिक तथा सीमा सुरक्षामा सशस्त्र प्रहरीले दिएको योगदान महत्वपूर्ण रहेको बताए।

एक प्रश्नको उत्तर दिँदै केन्द्रीय सदस्य कार्कीले जेनजी आन्दोलनपछि उद्योग/व्यवसायहरु पूर्ण क्षमतामा संचालन हुन नसकेको जिकिर पनि गरे। अन्तर्क्रिया कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघ तथा कार्यक्रमकी अध्यक्ष शोभा गौतमले सशस्त्र प्रहरी हतियारधारी सुरक्षा बल मात्र नभएर,नागरिक समाजका दैनिक क्रियाकलापसँग सहकार्य गर्ने शक्ति भएको बताइन्। अध्यक्ष गौतमले औद्योगिक क्षेत्र भनेको एउटा व्यक्तिले उद्योग संचालन र नाफा प्राप्त गर्ने ठाउँमात्र नभएर रोजगारी प्रदान एवं देशको अर्थतन्त्रलाई उत्पादन र राजश्वबाट टेवा पुर्‍याउने क्षेत्र पनि भएके बताउँदै त्यहाँ सुरक्षा नहुँदा देशको अर्थतन्त्रलाई पुर्‍याउने धारणा राखिन्। 'औद्योगिक क्षेत्रमा भएको एपिएफको उपस्थितिले उद्योगीहरु ढुक्कसँग निदाउन पाएका छन्,' उनले भनिन्, 'यहाँहरुले त्यहाँ भएको एपिएफको तैनाथीलाई व्यक्तिको सम्पत्ति सुरक्षाको रुपमा हेर्नु हुने छैन भन्ने हामीले ठानेका छौँ ।' उनले भन्सार छली र अनधिकृत व्यापारले राज्यले राजश्व गुमाउने मात्र नभएर देशको व्यापार चक्रलाई पनि प्रभावित पार्ने भएकाले त्यो कार्य पूर्णरुपले रोकिनुपर्ने पनि बताइन्। एपिएफ स्टाफ कलेजका सहसमादेशक वरिष्ठ प्रहरी उपरीक्षक जहरसिंह बुढामगरले उत्पादन,वितरण राम्रो भएका देशहरु नै समृद्ध बनेको चर्चा गर्दै यी क्षेत्रमा आइपर्ने समस्या समग्र राष्ट्रकै समस्या हुने धारणा राखे। सशस्त्र प्रहरीले आफ्नो कार्यक्षेत्रमा रहेको सीमा र औद्योगिक सुरक्षा एवं विपद् व्यवस्थापनका निम्ति निजी क्षेत्रसँग सहकार्य गर्दै आइरहेको पनि उनको भनाइ थियो । उनका अनुसार विपद् व्यवस्थापनका निम्ति सशस्त्र प्रहरीले समुदायसँग सहकार्य गर्दै आइरहेको छ भने नागरिक समाजका सदस्यलाई तालिमसमेत प्रदान गरेको छ ।

सशस्त्र प्रहरीको स्टाफ कलेजले संचालन गरेको तालिममा १५ जना सहभागी यो तालिम त्रिभुवन विश्वविद्यालयबाट स्वीकृतप्राप्त स्नातकोत्तर तह पढाइ भएको उनले जानकारी दिए । स्टाफ कोर्स पूरा गर्नु भनेको सशस्त्र प्रहरीको नेतृत्वमा पुग्ने बाटो बन्नु पनि हो । पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव प्रदीप राजभण्डारीको संचालन रहेको अन्तर्क्रिया कार्यक्रममा कार्यसमिति सदस्य मनोहरि पौडेलले धन्यवाद ज्ञापन गरेका थिए।

तपाईंको आज

मेष	: सत्कार मिल्नेछ	तुला	: शुभ यात्रा
वृष	: मानसिक तनाब	वृश्चिक	: आर्थिक समस्या
मिथुन	: सहयोग मिल्नेछ	धनु	: शत्रुको भय
कर्कट	: ब्यापारमा लाभ	मकर	: कार्यमा सफलता
सिंह	: झमेला बड्ने	कुम्भ	: अप्रत्यसित लाभ
कन्या	: स्वास्थ्यमा सुधार	मीन	: शारीरिक झमेला

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

संरक्षणको अभावमा ऐतिहासिक बलामकोट दरबार भग्नावशेष

पोखरापत्र संवाददाता
बागलुङ, १३ कार्तिक

बागलुङ नगरपालिका-८ सिँगानास्थित ऐतिहासिक बलामकोट संरक्षण अभावमा ओझेलमा परेको छ। त्यस बेलाका भुरेटाकुरे राजाले राज्य सञ्चालन गरेको मानिएको बलामकोट दरबार संरक्षण नहुँदा भग्नावशेषसमेत माटोमा पुरिएको छ।

हाल त्यस क्षेत्रमा माटाका ढिस्का मात्रै देखिन्छन् । समयमै संरक्षण र उत्खनन् हुन नसक्दा ऐतिहासिक महत्त्व बोकेको उक्त स्थल लोप हुने अवस्थामा छ।

बाइसे-चौबिसे राज्यका पालामा बलामी नामका राजाले बलामकोटबाट राज्य सञ्चालन गरेको ऐतिहासिक इतिहास छ । त्यस क्षेत्रको करिब तीन रोपनी जग्गामा खनजोत गर्ने क्रममा इँटा, दियो, ओखल तथा दरबारका अन्य भग्नावशेष फेला परेको स्थानीय राजन कार्कीले जानकारी दिनुभयो । उक्त दरबारबाट राज्य सञ्चालन गर्ने राजाले हतियार भण्डारणका लागि हाल सिँगाना र रेशमस्थित कोतघर प्रयोग गरेको बताइन्छ । त्यो कोतघर नजिक बलामकोट दरबार रहेको अनुमान गरिएको स्थानीयको भनाइ छ। उक्त ऐतिहासिक स्थलको उत्खनन गरी भग्नावशेष सङ्कलन तथा संरक्षण गर्नुपर्ने स्थानीय कविराज जिसीले बताउनुभयो । उहाँका अनुसार सिँगानाबाट रेश, दमेकलगायत स्थानमा राज्य सञ्चालन भएको पाइएको छ। नेपालको इतिहासमा राज्य सञ्चालन गरेको महत्वपूर्ण स्थल, रानी तथा भूमे मन्दिर र कोतघरसँग सम्बन्धित ऐतिहासिक महत्व बोकेको बलामकोटको संरक्षण गरी पर्यटनसँग जोडनुपर्ने स्थानीयको माग छ । त्यस क्षेत्रसँग सम्बन्धित सिँगाना कोतघर पुनर्निर्माण गरी आकर्षक बनाइए पनि त्यससँग जोडिएको बलामकोट भने संरक्षणको अभावमा मासिँदै गएको छ । उक्त नगरपालिका-८ का वडाध्यक्ष छमबहादुर कार्कीले कोतघरको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी पुनर्निर्माण तथा संरक्षण गरिएको भए पनि बलामकोटको संरक्षण गर्न नसकिएको बताउनुभयो ।

बडादसैंका अवसरमा सिगाना कोतघरमा चहलपहल भए पनि कुनै समय राज्य सञ्चालन भएको बलामकोट भने सुनसान रहँदै आएको छ । अहिले उक्त स्थान वनभोजस्थलका रूपमा प्रयोग हुन थालेको छ।

सिंगा-तातोपानी कुण्डमा प्राकृतिक उपचार गराउनेको घुइँचो

सन्तोष गौतम
म्याग्दी, १३ कार्तिक/रासस

ढाड दुख्ने समस्याबाट पीडित नवलपुर गैडाकोटका प्रदीप सुवेदी प्राकृतिक उपचार गर्नका लागि म्याग्दीको बेनी नगरपालिका-४ मा रहेको सिंगा-तातोपानी कुण्डमा आउनुभएको छ।

"पहिलो पटक श्रीमतीलाई लिएर आएको थिए । १५ दिनसम्म तातोपानीमा डुबेपछि उहाँको स्वास्थ्यमा राम्रो सुधार भयो । त्यसपछि म पनि ढाड दुख्ने समस्या कम हुने आशाले यहाँ आएको हुँ," सुवेदीले भन्नुभयो ।

सुवेदीजस्तै देशका विभिन्न स्थानबाट स्वास्थ्य सुधार हुने आशा लिएर सिंगा तातोपानी कुण्डमा आउनेको सङ्ख्या बढ्दै गएको छ । दसैंतिहारको बिदा र चिसो बढ्न थालेसँगै यस कुण्डमा स्नान गर्ने पाहुनाको चहलपहल बढेको हो । बागलुङ नगरपालिका-५ काकेशवबहादुर केसी २०५८ सालमा दुर्घटनामा परेर खुट्टा भाँचिएपछि लामो समयदेखि दुखाइको समस्या भोग्दै आउनुभएको छ । शिक्षक पनि रहनुभएका केसी विगत १० वर्षदेखि हरेक वर्ष दसैंतिहारको बिदामा सात दिनका लागि तातोपानी कुण्डमा स्नान गर्न आउनुहुन्छ । कुण्डमा डुबेपछि दुखाइ कम हुने गरेको उहाँको अनुभव छ ।

काठमाडौंकी राधादेवी शर्मा पनि २०६३ सालदेखि हरेक वर्ष तातोपानी कुण्डमा स्नान गर्न आउने गर्नुभएको छ । नसा च्यापिने र कम्मर दुख्ने समस्या भएपछि कुण्डमा आउन थालेको उहाँले बताउनुभयो । आमा, बुबा र छिमेकी यहाँ आएर स्नान गरेको अनुभव सुनाउँदै उहाँले तातोपानीले शरीर हलुका हुने र ग्यास्ट्रिकको समस्या कम भएको बताउनुभयो । "घरमा बाथटब बनाएर तातोपानीमा डुब्नु र यहाँ प्राकृतिक रूपमा निस्किएको तातोपानीमा शरीर डुबाएर स्नान गर्नुमा फरक छ । यहाँको वातावरण र प्राकृतिक पानीले थप सहज महसुस हुन्छ," शर्माले भन्नुभयो ।

दुखाइ कम हुने आशा

बागलुङका सरिता केसीका लागि सिंगा तातोपानी कुण्डको अनुभव नयाँ हो । छिमेकीबाट कुण्डबारे जानकारी पाएपछि उहाँ यसपालि दसैंको बिदा मिलाएर यहाँ आउनुभएको हो । दसैंअघि स्कुटर दुर्घटनामा परेपछि औंलाको नसा च्यापिने र टाउको दुख्ने समस्या भएपछि स्नान गर्न आएको उहाँले बताउनुभयो । कुण्डमा स्नान गरेपछि दुखाइमा सुधार भएको र शरीरमा स्फूर्ति आएको उहाँको अनुभव छ । "यहाँको वातावरणमा आइपुग्दा मन हलुका भएको महसुस भयो । स्नान गरेपछि शरीरलाई आराम मिलेको छ," केसीले भन्नुभयो । पर्वतको कुश्मा नगरपालिका-११ पकुवाकी सीता तिमिल्सिना चार वर्षदेखि नियमित रूपमा तातोपानी कुण्डमा आउनुहुन्छ। चिसो बढ्दा दमको समस्या बल्झिने गरे पनि यहाँ स्नान गरेपछि सहज महसुस हुने उहाँले बताउनुभयो । आफ्नो स्वास्थ्यमा सुधार भएको अनुभवपछि आफन्त र दिदीबहिनीलाई स्नान गराउन ल्याएको उहाँको भनाइ छ । पाल्पाको रम्भा गाउँपालिका-४ की मनिषा भट्टराई पौडेल पनि यसपालि दोस्रो पटक कुण्डमा आउनुभएको हो । गत वर्ष पहिलो पटक कुण्डमा स्नान गरेको केही समयपछि नसासम्बन्धी समस्यामा सुधार भएको उहाँको अनुभव छ । "जेठाजु र जेठानीको सल्लाहमा गत वर्ष पहिलो पटक यहाँ आएकी थिएँ। स्नान गरेपछि स्वास्थ्यमा सुधार भयो। यसपालि आमा र परिवारका अन्य सदस्यसहित पाँच जनाको टोली आएका छौं," पौडेलले भन्नुभयो ।

उहाँका श्रीमानलाई पनि युरिक एसिड र ग्यास्ट्रिकको समस्या थियो । कुण्डमा स्नान गर्न थालेपछि स्वास्थ्यमा सुधार भएको उहाँले बताउनुभयो । म्याग्दीको मालिका गाउँपालिका-४ का फाले सुनारले पनि तातोपानीमा स्नान गर्दा अस्पताल आउजाउ गर्न र औषधि किन्न लाग्ने खर्च तथा समय बचत भएको अनुभव सुनाउनुभयो ।

दैनिक सात सयसम्मले गर्दैछन् स्नान

सिंगा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काका अनुसार दसैंलगत्तै दैनिक छ सयदेखि सात सय जनासम्मले कुण्डमा स्नान गरिरहेका छन् । विगतका वर्षमा असोज र कात्तिक महिनामा दैनिक एक हजार ५०० जनासम्म स्नान गर्न आउने गरेका थिए । "कुण्डमा एकपटकमा २५० जनासम्मले स्नान गर्न मिल्छ । महिला र पुरुषका लागि छुट्टाछुट्टै समयतालिका बनाइएको छ," अध्यक्ष खड्काले भन्नुभयो ।

गत वर्ष नेपालका ७७ वटै जिल्लाका साथै विदेशबाट पनि गरी २१ हजारभन्दा बढी व्यक्ति प्राकृतिक तातोपानीमा स्नान गर्न आएको कुण्ड व्यवस्थापन समितिका कर्मचारी रेशम कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार बिहान ५:३० देखि साँझ ५:३० बजेसम्म महिला र पुरुषका लागि छुट्टाछुट्टै समूह बनाएर स्नानको व्यवस्था मिलाइएको छ। असोजदेखि वैशाखसम्मको समयलाई तातोपानी कुण्डमा स्नान गर्ने मुख्य यामका रूपमा लिइन्छ । म्याग्दी नदीको किनारमा प्राकृतिक रूपमा निस्कने तातोपानीलाई पोखरीमा सङ्कलन गरेर स्नान गर्ने व्यवस्था मिलाइएको छ। करिब ५० डिग्री सेल्सियस तापक्रममा निस्कने पानीमा बिरेनुनको जस्तो गन्ध आउने कुण्ड व्यवस्थापन समितिका सचिव अमर केसी (कुमार)ले बताउनुभयो ।

स्थानीयवासी तथा यहाँ आउने पाहुनाले तातोपानीमा स्नान गर्दा छाला, बाथ, ग्यास्ट्रिक तथा चोटपटकका कारण हुने दुखाइमा राहत मिल्ने विश्वास गर्छन् । स्नानसँगै तातोपानी पिउने चलन रहेको छ। काठमाडौंकी सविना शर्माले पनि स्नान र तातोपानी सेवनपछि स्वास्थ्यमा फाइदा भएको अनुभव सुनाउनुभयो ।

कुण्डमा सात दिन स्नान गर्ने प्रतिव्यक्ति रु ३५० र नौ दिनका लागि रु ५०० शुल्क निर्धारण गरिएको छ । प्रवेश शुल्कबाट उठेको रकमको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको समितिले जनाएको छ।

बाढीले क्षति पुऱ्याएपछि पुनः सञ्चालन

गत असोजको अविरल वर्षापछि आएको बाढी र पहिरोले सिंगा तातोपानी कुण्डमा क्षति पुऱ्याएको थियो । बाढीले कुण्डमा हिलो र फोहोर थुपारेपछि स्थानीयवासी तथा सरोकारवालाले श्रमदान गरेर सरसफाइ र पहिरो पन्छाउने काम गरेका थिए । त्यसपछि असोज २७ गतेदेखि कुण्ड नियमित रूपमा सञ्चालनमा आएको हो । बाढीपहिरोले कुण्डका भौतिक संरचनामा करिब रु तीन करोड बराबरको क्षति पुऱ्याएको प्रारम्भिक अनुमान छ । छोटो अवधिका लागि आउने पाहुनाले स्नान गर्ने पोखरीमा क्षति पुगेकाले त्यो अझै सञ्चालनमा आउन सकेको छैन । कुण्डको संरक्षण तथा क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि सर्वेक्षण र लागत अनुमान तयार गरी सरकारसँग बजेट माग गरिएको व्यवस्थापन समितिले जनाएको छ । बाढीले स्नान गर्ने क्षेत्र साँघुरिएकाले व्यवस्थापनमा चुनौती थपिएको छ।

पाहुनाको चहलपहलले होटल व्यवसायमा उत्साह

तातोपानी कुण्डमा स्नान गर्न देशका विभिन्न ठाउँबाट पाहुना आउन थालेपछि स्थानीय होटल तथा घरबास व्यवसायमा पनि चहलपहल बढेको छ । होटल व्यवसायी समिति तातोपानीका अध्यक्ष सीता घलेका अनुसार यहाँका होटल र घरबासका कोठा पाहुनाले भरिन थालेका छन् । "यहाँ सानाठूला गरी २० वटा होटल छन् । पाहुनाले घरका कोठा र ग्यास भाडामा लिएर आफैँ खाना पकाएर बस्न पनि सक्छन्," घलेले भन्नुभयो । म्याग्दी नदीमा पाइने असला माछा यहाँको विशेष परिकार हो । प्राकृतिक तातोपानीमा स्नान गर्ने, स्थानीय वातावरणमा रमाउने र यहाँका परिकारको स्वाद लिने अवसरले पनि पाहुनालाई आकर्षित गरेको व्यवसायीको भनाइ छ । प्राकृतिक रूपमा निस्कने तातोपानी, स्थानीयको आतिथ्य र सहज बसोबासको व्यवस्थाले सिंगा तातोपानी कुण्डलाई म्याग्दीको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याएको छ । स्वास्थ्यसम्बन्धी विभिन्न समस्या लिएर आउने पाहुनाले यहाँ स्नानपछि राहत मिलेको अनुभव सुनाएपनि थप वैज्ञानिक अनुसन्धानको आवश्यकता देखिएको छ।

इतिहासका पानाबाट:

मानव उत्क्रान्तिदेखि अस्तित्वको रक्षासम्म

राजेन्द्र भण्डारी

"हामी केवल बाँचिरहेका छैनौं, हामी त ब्रह्माण्डलाई आफैंसँग बोकेर हिँडिरहेका छौं र चेतनाको माध्यमबाट प्रकृतिको मुट्ठीलाई आफ्नै गति र चुनौती दिइरहेका छौं।"

यो सत्यलाई आत्मसात् गर्दै, आज हामी जुन आधुनिक मानव समाज, प्रविधि र समृद्ध सभ्यतामा बाँचिरहेका छौं, त्यसको जरा लाखौं वर्ष पुरानो इतिहासको गर्भमा गाडिएको विजबाट भएको हो। ऐतिहासिक चित्रहरू तथा पुरातात्विक अध्ययनले मानव जातिको विकासक्रमलाई अत्यन्तै वैज्ञानिक ढङ्गले प्रस्ट् याएका छन् । पृथ्वीको विशाल चेतना-क्यानभासमा मानव जातिको प्रादुर्भाव (The First Emergence of Man) केवल भौतिक वा जैविक उत्क्रान्तिको मात्र घटना होइन, यो त जड प्रकृतिको अन्धकारलाई चिर्दै आत्मा र बुद्धिको ज्योति बाल्ने एक रोमाञ्चक यात्रा हो। पुरातात्विक समयरेखाअनुसार, सबैभन्दा प्रारम्भिक मानवसदृश प्राणीहरू– Australopithecines बाट सुरु भएको यात्रा क्रमशः अगाडि बढ्दै गएको देखिन्छ। आजभन्दा करिब २० लाख वर्षअघि देखापरेका Homo habilis ले ढुङ्गाबाट सामान्य औजार बनाउन, आगो बाल्न र आफ्नो अस्तित्वको दायरा फराकिलो पार्न सुरु, दुई खुट्टाले सिधा हिँड्न सक्ने Homo erectus ले चिसो जलवायु भएका युरोपका उत्तरतर्फका भूभागहरूमा समेत वस्ती बसाले । वैज्ञानिक अनुसन्धानका अनुसार, आजभन्दा करिब ३ लाख वर्षअघि अफ्रिकी महादेशको धर्तीमा आधुनिक मानव Homo sapiens को रूपमा जब हाम्रा पुर्खाको पहिलो पदचाप देखापऱ्यो । तब ब्रह्माण्डमा मानव अस्तित्व बुझ्ने पहिलो ऐना प्राप्त भयो । उनीहरूले मस्तिष्कको असीम बौद्धिक शक्तिलाई आफ्नो अस्तित्वको बलियो हतियार बनाए। समयको परिवर्तनकारी रेखालाई छिचल्दै जब आजभन्दा करिब ३८,००० वर्षअघि आधुनिक मानिसको विकसित रूप Homo sapiens sapiens अर्थात बुद्धिमान मानिसको उदय भएको मानिन्छ। बारम्बार आएका हिमनदी युग Glaciations र कठिन प्राकृतिक परिस्थितिका बाबजुद उनीहरूले असाधारण साहस प्रदर्शन गरेका थिए। आजभन्दा करिब ३५,००० वर्षअघि समुद्रको सतह तल झर्दा बेरिङ्ग स्ट्रेट ल्यान्ड ब्रिज (Bering Straits Land Bridge) हुँदै उनीहरूले एसियाबाट उत्तर अमेरिकासम्मको दूरी पार गरे तथा डुङ्गाको सहायताले अष्ट्रेलिया महादेशसम्म वस्ती बसाले । फ्रान्सको लास्कौ (Lascaux) लगायतका गुफाहरूमा फेला परेका प्राचीन चित्रहरूले यो स्पष्ट पार्छन् कि आदिम मानिस केवल खाद्यान्नको सङ्घर्षमा मात्र सीमित थिएन । उनीहरूले बाइसन र ममोथ (Mammoths) हरूको सिकार गर्न 'सिकार जादु' (Hunting Magic) को अभ्यास गरे तथा हड्डी, हात्तीको दाँत र सिङहरूलाई कुँदेएर विभिन्न कलाकृतिहरू निर्माण गरे। आजभन्दा करिब २५,००० वर्षअघि फ्रान्समा हात्तीको दाँतबाट कोरिएको महिलाको टाउको (Ivory head of a woman) लाई विश्वको पहिलो पोर्ट्रेट लिइन्छ। आदिम गुफाका भित्ताहरूमा कोरिएका ती चित्रहरूले आदिम मानवभित्रको सूक्ष्म सौन्दर्यचेतना र जिज्ञासालाई झल्काउँछन्, जसले पछि गएर विज्ञान, कला, दर्शन, साहित्य र विशाल सभ्यताका भव्य महलहरू खडा गऱ्यो । तर, आजको युग अर्को एक गम्भीर मोडमा आइपुगेको छ। "हामीले विज्ञान र प्रविधिको आकाशको नयाँ उचाई त छोएका छौं, तर सँगै हाम्रै आफ्नै मानवीय समाजरुपी आँगनका मूल्य-मान्यताहरू भत्किँदै र टुक्रिँदै गएका छन् ।" आजको यो अवस्थामा विश्व असाध्यै संवेदनशील हुन र गम्भीर भएर सोच्न जरुरी छ। वर्तमान मानव (Homo sapiens sapiens) आज इतिहासकै त्यस्तो मोडमा उभिएको छ, जहाँ एकातिर उसका प्रविधिका पंखेटाहरुले पृथ्वीको मुहार फेरेका मात्र छैन बरु यसलाई उडाउने कोशिस समेत गर्दैछन् । जसले गर्दा आफ्नै अस्तित्व र प्रकृतिसँगको सन्तुलन गुमाउँदै छ। भोलिको मानव यसरी नै यन्त्रवत्, स्वार्थी र संवेदनहीन बन्दै गयो भने–यस सुन्दर धर्तीलाई एउटा निर्जीव वस्तुबाहेक अरू केही सम्झने छैन । आखिर मानिस केवल आफ्नो व्यक्तिगत अस्तित्व मात्र बोकेर हिँड्ने जीव मात्र पनि होइन, ऊ त यस विशाल ब्रह्माण्डको एक अभिन्न अङ्ग पनि हो । मानव र ब्रह्माण्ड दुवैको रक्षा, सम्मान र संरक्षण गर्नु हामीहरूकै सर्वोपरी नैतिक दायित्व हो। यो शाश्वत सत्यलाई हामीले कुनै पनि हालतमा बिर्सनु हुँदैन । एकातिर कृत्रिम बौद्धिकता, अन्तरिक्ष अन्वेषण र डिजिटल क्रान्तिले संसारलाई नयाँ उचाइमा पुर्‍याएको छ । अर्कोतिर नैतिक पतन, आन्तरिक शान्तिको अभाव र सामाजिक विखण्डन गहिरिँदै गएको छ । यस्तो संवेदनशील कालखण्डमा, वर्तमान विश्व समुदायले गहिरो संवेदनशीलता अपनाउनु अनिवार्य छ। हामीले विज्ञानको भौतिक विकाससँगै मानवीय संवेदना, करुणा, सह अस्तित्व र प्रेमलाई पुनः पृथ्वीमा स्थापित गर्नैपर्छ । मानिस केवल अन्धो वैज्ञानिक वा यन्त्र नबनेर एक 'संवेदनशीलताले भरिएको द्रष्टा' बनोस् यही नै युगको माग पनि हो । यसका लागि ठूला-ठूला भाषण वा योजना मात्र होइन, हामी हरेकले आफ्नो ठाउँबाट एउटा सानो तर अर्थपूर्ण सुरुवात गर्नैपर्छ- "हामी सबैले आफ्नै आँगनमा कम्तीमा एउटा बिरुवा रोपौं, त्यसलाई गोडमेल गरौं र मायाले हुर्काऔं ।" जब प्रत्येक मानिसले आफ्नो आँगनमा रोपिएको बिरुवामा जीवन र प्रकृतिको ढुकढुकी महसुस गर्न थाल्छ, तब मात्र भत्किँदै गएको मानव समाज र सङ्कटमा परेको धर्तीले पुनर्जीवन पाउनेछ । हामीले आज यो सत्यलाई समयमै बुझेनौं र ब्रह्माण्डलाई बचाउने आफ्नो कर्तव्यबाट पछि हट्यौं भने, भोलिको पुस्ता र इतिहासकै सबैभन्दा ठूलो भूल हुनेछ। मानव जातिको यो दिव्य र आदिम अध्यायले हामीलाई गहिरो सत्यको बोध गराउँछ कि, हामी जतिसुकै टाढा पुगे पनि मूलतः एउटै साझा चेतनाका वंश हौं, र मानव हुनुको वास्तविक अर्थ पनि निरन्तर सिकिरहनु, प्रकृतिको नियतिसँग अनुकूलित हुँदै आफ्नै उच्च सम्भावनाहरूको सृजना गर्नु हो । तसर्थ, यो प्राणवान् धर्ती, आफ्नै घरको आँगन र यो अद्भुत ब्रह्माण्डलाई जोगाउनु केवल एउटा विकल्प मात्र होइन, यो नै आजको सबैभन्दा ठूलो मानवीय धर्म हो। आउनुहोस् ११ इतिहासदेखि वर्तमानसम्मको यो यात्रामा हातेमालो गरौं ।

(लेखक भद्रकाली मा.वि.का शिक्षक हुनुहुन्छ।)

मनास्लुको स्याउ गोदाममै थन्कियो

पोखरापत्र संवाददाता
गोरखा, १३ कार्तिक

बूढीगण्डकी बाढीले पुल र बाटो बगाएपछि उत्तरी गोरखाको मनास्लु क्षेत्रमा उत्पादन भएका स्याउ गोदाममै थन्किएका छन्। ढुवानीको विकल्प नभएपछि गोदाममै स्याउ थन्क्याउनुपर्ने बाध्यता रहेको व्यवसायी लाक्पा डुन्डुप लामाले गुनासो गर्नुभयो।

गत असोस २५ गते चुमनुब्री गाउँपालिका-६ मा हिमपहिरोले उङ्गिलुङ खोला थुनिएपछि आएको बाढीले बूढीगण्डकी नदी किनारमा अवस्थित तल्लो तटीय क्षेत्रका दर्जनौं पुल तथा सडक बाटो बगाएको छ । जसका कारण आवतजावतमा समस्या भएको हो । बाढीले उत्तरी गोरखाको लाइफलाइनका रुपमा लिइएको बेनिघाट आरुघाट लार्के सडक पनि अवरुद्ध बनेको छ। चुमनुब्री गाउँपालिकाको सिर्दिबासदेखि आरुघाटको आर्खेतसम्म सडक अवरुद्ध बनेको थियो।

गाउँपालिका र गोरखा सडक आयोजनाको पहलमा अस्थायी रुपमा सडक खुलाउने काम भइरहेको भए पनि स्याउ ढुवानी गर्नसक्ने अवस्था भने नरहेको व्यवसायी लाक्पा डुन्डुप बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "गाउँपालिकाले जसोतसो मान्छे हिँड्ने बाटो त बनाएका छन्, तर खच्चड हिँडाउन सकिँदैन। झनै खच्चडमा स्याउ ढुवानी गर्ने त सम्भावना नै छैन।"

लामाले चुमनुब्री गाउँपालिका-४ नाम्रुङस्थित दुई हजार ६५० मिटर उचाइमा अवस्थित बगैंचामा विभिन्न प्रजातिका स्याउखेती गर्नुभएको छ । इन गोरखा प्रोडक्ट प्रालि नामक उहाँको स्याउ फर्ममा यस वर्ष एकलाख केजी स्याउ उत्पादन भएको उहाँ बताउनुहुन्छ । गाला, गोल्डेन, रेड डिलिसियस, किङ डेलिसियस र फुजी जातका १२ हजार ५०० बोटमा यसवर्ष एकलाख केजी स्याउ उत्पादन भएको लामाको भनाइ छ।

"फुजी थेरै टिप्न बाँकी छ, त्यो बाहेक सबै स्याउ टिपिसक्यौं। गाला र गोल्डेन डिलिसियस टिपेको एकमहिना भयो । अहिले बिग्रन थालिसके", उहाँले भन्नुभयो, "भदौ २१ गते गएको थेराङ खोलाको बाढीले लघु जलविद्युत् आयोजना बगाएर विद्युत् नहुँदा ड्रायर पनि चलेको छैन । त्यसैले स्याउको सुकुटी पनि बनाउन पाइएन ।" यस वर्ष स्याउको उत्पादन राम्रो भए तापनि ढुवानीको समस्याका कारण लाखौं किलो स्याउ खेरजाने अवस्था रहेको उहाँले गुनासो गर्नुभयो।

मनास्लु क्षेत्रमा उत्पादन भएका स्याउ ढुवानीको समस्या हरेक वर्षको हो । तर, यो वर्ष बाढीले ढुवानीको समस्यालाई थप चर्को बनाएको छ। नाम्रुङ र आसपासका क्षेत्रमा उत्पादन भएका स्याउ खच्चडमार्फत बजारसम्म पुऱ्याउन करिब एकहप्ता लाग्छ । यसोगर्दा २० देखि २५ प्रतिशत स्याउ खेरजाने हुन्छ । साँघुरो बाटामा स्याउ ठोक्किने र घामले ओइल्याउने हुँदा स्याउ धेरै स्याउ खेरजाने समस्या रहेको किसान बताउँछन्।

हेलिमार्फत ढुवानी गर्दा स्याउको मूल्य बढ्न जाने र बिक्री नहुने समस्या हुन्छ मनास्लुका किसानलाई । "आधा, आधी स्याउ खेर गए पनि खच्चडमार्फत नै ढुवानी गर्नुहुन्थ्यो। बाढीले पुल, बाटो सबै बिगारेपछि अहिले त्यो विकल्प पनि रहेन । हामी साह्रै मर्कामा छौं", व्यवसायी लाक्पा डुन्डुप भन्नुहुन्छ।

सडक सञ्जाल नपुगेको यस क्षेत्रमा स्याउलगायत अन्य कृषिजन्य उत्पादन ढुवानी गर्नु कुनै कहर काट्नुभन्दा कम छैन । बाढीले ढुवानी करिब असम्भव जस्तो बनेपछि किसान घाममा सुकाएको भरमा स्याउको सुकुटी र मदिराजन्य पदार्थ बनाउनमा लागेका छन् । धेरै उत्पादन हुनेहरुको भने केही सुकुटी र रक्सी बनाउने र धेरै कुहाउनेबाहेक अरु उपाय छैन।

एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ निवासी भारतिय भु.पू.सै.नं. ५८४८२३४ एक्स नायक लेख बहादुर क्षेत्रीको नेपाली नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर लेख बहादुर कार्की उल्लेख भएको र भारतिय अभिलेखमा निजको नाम थर लेख बहादुर क्षेत्री उल्लेख भै फरक परेतापनि उल्लखित दुई नाम थर लेख बहादुर कार्की र लेख बहादुर क्षेत्री भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको साथै निजको श्रीमती किरन देवी कार्कीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर किरन देवी कार्की उल्लेख भएको र निज श्रीमनको भारतिय अभिलेखमा श्रीमतीको नाम थर किरन देवी क्षेत्री उल्लेख भई नाम थर फरक परेतापनि व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, बागलुङको च.नं. ३२१, मिति २०८३/०७/१२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ